मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तास खेलिरहेको अवस्थामा नगद ६ लाखसहित ११ जना पक्राउ

हेटौंडा, १ कात्तिक/मकवानपुर प्रहरीले तास खेलिरहेको अवस्थामा ११ जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार शुक्रबार साँझ हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कस्थित गुम्बानजिकै रहेको दर्ता नभएको खाजाघरमा तास खेलिरहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले सोहीस्थानबाट ११ बुक तास र नगद ६ लाख ६ हजार ३ सय १० रुपैंयासहित उनीहरुलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका सबैलाई आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याइएको छ । पक्राउ पर्नेहरुमा खाजाघरका सञ्चालक ३५ वर्षीय हीरालाल मोक्तान, उनकी श्रीमती ३५ वर्षीया वसन्ती ब्लोन, ३७ वर्षीय अर्जुन तामाङ, ३८ वर्षीय टुमबहादुर वाइबा, ५० वर्षीय राममाया राना, ५० वर्षीय हीरामाया थिङ, ३० वर्षीय शान्तिमाया तामाङ, ६६ वर्षीय कान्छीमाया ब्लोन, ४५ वर्षीय सीता लामा, २७ वर्षीय राजेश दर्नाल र ३० वर्षीय अनिल थापा रहेका छन् । खाजाघर जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट करिब ५०० मिटर पूर्वतर्फ पर्छ ।

### तिहारपछि बागमती प्रदेशसभा बैठक बस्ने तयारी

## दलहरु आन्तरिक तयारीमा व्यस्त

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/गत भदौ २३ र २४ को जेनजी आन्दोलनबाट बागमती प्रदेशसभा भवन क्षतिग्रस्त भएसँगै अवरुद्ध प्रदेशसभाको बैठक तिहारपछि सञ्चालन गर्ने तयारी थालिएको छ । प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिका-२ स्थित मुख्यमन्त्री सभाहलमा बैठक राख्ने तयारी गरिएको हो ।

प्रदेशसभाको भवन क्षतिग्रस्त भएपछि तत्कालका लागि हेटौंडा उपमहानगरपालिका कार्यालय पछाडिको भवनमा अस्थायी रुपमा बैठक सञ्चालन गर्नका लागि मर्मतसम्भार कार्य भइरहेको छ । जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त बनेको हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालनको तयारी गरेको हो । जेनजी आन्दोलनका क्रममा आगजनीबाट क्षति पुगेको भवनको अधिकांश भाग जलेका छन् । अल्मोनियम र युपिभिसी प्रोफाइलबाट निर्माण गरिएको भवनको सरसफाइ र विद्युतीकरणको काम गरेर बैठक चलाउने तयारीमा सरकार अघि बढेको हो ।

सहरी विकास तथा भवन कार्यालयले सभाहलको व्यवस्थापनको काम गरिरहेको छ । जलेका भाग हटाएर रंगरोगन गर्ने र अस्थायी प्रकृतिको व्यवस्थापनमा कार्यालयले काम गरिरहेको हो । कार्यालयका प्रमुख सुबोध अधिकारीका अनुसार यो भवनमा जलेका स्थानमा सफा गरेर रङ लगाउने र विद्युतीकरणको काम गरिरहेको छ । 'तिहारअघि भवनको मर्मतसम्भारको काम सकिने छ' कार्यालयप्रमुख अधिकारीले भने । प्रदेशसभा सचिव रामकुमार पौडेलले



पनि उपमहानगरपालिकाको क्षति भएको हललाई मर्मतसम्भार गरेर प्रदेशसभाको बैठक बस्ने तयारी गरिएको जानकारी दिए ।

'सहरी विकास तथा भवन कार्यालय मकवानपुरले सभाहलको प्रारम्भिकचरणको मर्मत, सरसफाइ, विद्युत् जडान र रङरोगनको काम गरिरहेको छ, त्यही हलमा प्रदेशसभाको अस्थायी बैठक बस्ने तयारी भएको छ' उनले भने, 'दलहरुको आन्तरिक तयारी पूरा नहुँदा प्रदेशसभाको बैठक बस्न सकेको छैन । आन्दोलनपछि दसैंमा बैठक बस्ने भनिए पनि दलहरुबीचको आन्तरिक तयारी अझै जुट्न सकेको छैन ।' जेनजी समूहको आन्दोलन पश्चात् सभामुख भुवनकुमार पाठकले पदबाट राजीनामा दिएका थिए । प्रदेशसभा नियमावली २०७४ को नियम १८४ बमोजिम सभामुखले दिएको राजीनामा प्रदेशसभाको बैठकमार्फत् वा सूचनापत्रमार्फत् उपसभामुखले जानकारी गराउनुपर्ने प्रावधान रहेपनि सभाको बैठक बस्न नसक्दा कार्य अधुरै रहेको छ ।

अब बस्ने प्रदेशसभाको बैठकमा सभामुखको राजीनामा टुंग्याउने र नयाँ सभामुखको निर्वाचन प्रक्रियामा जाने तयारी रहेको छ । सभामुखका लागि कांग्रेस, एमाले र माओवादी केन्द्र तीनवटै दलले दाबी गरेका छन् । बागमती प्रदेशमा कांग्रेस-एमाले गठबन्धन सरकार भएपनि दुवै दलले सभामुखको दाबी गर्दा सहमति जुट्न सकेको छैन । कांग्रेसले प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकोले सभामुख पदमा आफ्नो दाबी स्वभाविक रहेको तर्क गरेको छ । यता, सत्ता साझेदार नेकपा एमालेले पनि सभामुख पदमा आफूले दाबी गर्ने निर्णय गरेको छ ।

एमालेले सरकारको नेतृत्व कांग्रेसले गरिरहेकोले उपसभामुख अप्सरा चापागाईंलाई सभामुख बनाएर अघि बढ्न सकिने प्रस्ताव प्रस्तुत गरेको छ । त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) ले पनि सभामुख पदमा दाबी गरेको छ । माओवादी केन्द्रले सदनको निष्पक्ष सञ्चालनका लागि सरकार बाहिरको दललाई सभामुख दिनुपर्ने तर्कसहित दाबी गरेको हो । प्रदेशसभाको यो दोस्रो कार्यकाल हो । प्रदेशसभाको पहिलो कार्यकालमा एमालेका सानुकुमार श्रेष्ठले पाँच वर्ष सभामुखको भूमिका निर्वाह गरेका थिए ।

**४ विधेयक छलफलको क्रममा**

प्रदेशसभामा हाल चार विधेयक छलफलका क्रममा रहेका छन् । चिठ्ठा विधेयक दुई वर्षअघि प्रदेशसभामा दर्ता भएको थियो । यो अन्तिमचरणमा रहेको छ । प्रदेश चलचित्रसम्बन्धी बनेको विधेयक छलफलको चरणमा रहेको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा बनेको विधेयक दर्ता भएको प्रदेशसभा सचिव पौडेलले जानकारी दिए । जेनजी आन्दोलनका क्रममा आगजनी हुँदा १२ करोड रुपैयाँमा निर्मित नयाँ भवन र पुरानो हलसहितको भवन पूर्णरुपमा क्षति भएको छ ।

पुरानो हलसहितको भवन २०७२ सालको भूकम्पमा पनि क्षति भएको थियो । आन्दोलनका क्रममा आगलागी हुँदा लेखा, प्रशासन र कार्य व्यवस्थाको कागजात जलेर नष्ट भएको छ । प्रदेशसभा मात्रै करिब ३३ करोडको क्षति भएको दाबी गरिएको छ । प्रहरी मुचुल्कापश्चात् क्षति भएको सवारीको विवरण र भौतिक पूर्वाधार विकास मन्त्रालयले भवनको अवलोकन र नापजाँचपश्चात् यहाँको क्षतिको विवरण संकलन गरेर लगेको प्रदेशसभा सचिव पौडेलले जानकारी दिए ।

### तिहारलक्षित बजार ३ स्थानमा तोकियो

## फरेष्ट्री अगाडिको जग्गामा व्यापारी गएनन्



साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ यसवर्ष हेटौंडा उपमहानगरपालिकाले तिहारलक्षित बजारका लागि तीनस्थान तोकेको छ ।

विगतका वर्षहरुमा उपमहानरपालिकाले नगरक्षेत्रका विभिन्न स्थानमा यस्ता बजार राख्न अनुमती दिदै आएकोमा यसपटक भने राप्तीरोड ब्लड बैंक भवनदेखि पश्चिमतर्फ हेटौंडा अस्पतालको पर्खाल बाहिरको खालीस्थान, हेटौंडा-२ स्थित संगमचोक र फरेष्ट्रीस्थित खुलास्थानमा मात्र अनुमति दिइएको हेटौंडा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

यद्यपि, फरेष्ट्री अगाडिको खाली जग्गामा व्यापारिक चहलपहल नहुने देखिएपछि व्यापारीहरुले त्यस स्थानमा जान मानेनन् । हेटौडा अस्पताल परिसर र संगमचोकमा मात्रै तिहारलक्षित बजार राखिएको छ । त्यसैगरी उद्योग वाणिज्य संघका अगाडि डोकोमा फूलहरु मात्र बिक्री गर्न अनुमति दिइएको प्रवक्ता न्यौपानेले जानकारी दिए । तिहार बजारमा फूल, फलफूल, भाइमसला, लक्ष्मीपूजाका सामग्री, ध्वजापताका विक्रीका लागि राखिएका छन् । भाइटीका तथा लक्ष्मीपूजाका लागि आवश्यक पर्ने पूजासामग्री, मसला, फलफूल लगायत सामान किन्न ग्राहकको चहलपहल सुरु भएको छ ।

असोज ३१ गतेदेखि सञ्चालनमा आएको तिहारलक्षित बजार एक सातासम्म चल्नेछ । तोकिएको क्षेत्रमा तोकिएको समयावधि लागि व्यवसाय सञ्चालन गर्न कुनै शुल्क नलाग्ने प्रवक्ता न्यौपानेले बताए । बजारलाई व्यवस्थित बनाउनका लागि उपमहानगर पालिकाले विगतका वर्षदेखि नै स्थान निर्धारण गर्ने गरेको छ । बजारमा नगरप्रहरीले निगरानीका साथै सुरक्षा प्रदान गरिरहेको छ ।

## सुरक्षा निकाय प्रमुखलाई राष्ट्रपतिको निर्देशन: निर्वाचन हुने वातावरण बनाउनुस्

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ राष्टपति रामचन्द्र पौडेलले भयर हित वातारणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुने विश्वास दिलाउन सुरक्षा निकायका प्रमुखहरुलाई निर्देशन दिएका छन् ।

भयरहित वातारणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास राजनीतिक दल र आमनागरिकलाई गराउन सरकार र सुरक्षा निकायका प्रमुखहरुलाई उनले निर्देशन दिएका हुन् । राष्ट्रपति भवन शितलनिवासमा शनिवार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरुको सहभागितामा भएको छलफलमा चारवटै सुरक्षा निकायका प्रमुखलाई पौडेलले यस्तो निर्देशन दिएका हुन् । उनले शान्तिसुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायले 'बोल्ड्ली' रुपमा प्रश्तुत हुन पनि निर्देशन दिएको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले जानकारी दिए ।



राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्व फिर्ता गर्न पनि आग्रह गरेका छन् । अन्तरिम सरकारमा प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयर हित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसुर बाँकी नराख्ने बताइन् । उनले पूर्ण तयारीसाथ लाग्न र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण साधनस्रोत सरकारले उपलब्ध गराउने बताइन् । सुरक्षा निकायका प्रमुखहरुले शान्तिसुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेको राष्ट्रपति पौडेललाई विश्वास दिलाएकी थिइन् ।

सुरक्षा निकायले यो भन्दा कठिन परिस्थितिमा पनि विगतमा शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्णरुपले निर्वाचनका लागि तयार रहेको उनले बताइन् । छलफलमा अन्तरिम सरकारका प्रधामन्त्री कार्की, अर्थमन्त्रीबाहेक सबैमन्त्रीहरुका साथै प्रधानसेनापति अशोक सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागप्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो ।

## बकैया र हेटौंडामा करेन्ट लागेर दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ मकवानपुरको बकैया र हेटौंडामा करेन्ट लागेर दुईजना घाइते भएका छन् । पूर्वी मकवानपुरको बकैया गाउँपालिका-६ बेलबोट शुक्रबार दिउँसो करेन्ट लागेर काभ्रे महाभारत गाउँपालिका बस्ने २१ वर्षीय आयुष लामा घाइते भएका हुन् ।

बेलबोबाट काठ लोड गरी हेटौंडा आउँदै गरेको बा.प्र. ०३-००१ ख २१६७ नं. को ट्रकको छतमा बसेर घरघरमा लगेको विद्युतको तार पन्छाउँदै अगाडि बढ्ने क्रममा एक्कासी ११ हजार भोल्टको तारमा छोइ करेन्ट लाग्दा लामा घाइते भएका हुन् । बागमती प्रदेश प्रहरीका अनुसार करेन्ट लागेर लामा ट्रकमाथिबाट तल सडकमा खसेर घाइते भएका हुन् । उनको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ । घाइतेको दुबै खुट्टा र शरीरको विभिन्न भागमा चोट लागेको अस्थायी प्रहरी पोस्टले जानकारी दिएको छ । ट्रक र ट्रकचालक (साहु) हेटौंडा-५ बस्ने ४० वर्षीय रमेशप्रसाद चौहानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै, शुक्रबार दिउँसो हेटौंडा उपमहानगरपालिका-१०, कर्राचोकमा करेन्ट लागेर एकजना घाइते भएका छन् । हेटौंडा उपमहानगरपालिका-१६ उत्तरपानी बस्ने २५ वर्षीय विमल बम्जन पसलछेउमा रहेको तारमा छुनपुग्दा करेन्ट लागेर घाइते भएका हुन् । कर्राचोकस्थित श्रीराम पान पसलमा पान किन्न आएका बम्जन पसल छेउको तार छुनपुग्दा घाइते भएको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ । घाइतेको हेटौंडा अस्पतालमा उपचार पश्चात् थप उपचारका लागि मोडेल अस्पताल रिफर गरिएको छ ।

## सातवटा सवारीसाधन एकआपसमा ठोक्किँदा २१ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ भरतपुर महानगरपालिका-२९ गाइघाटमा सातवटा सवारीसाधन एकआपसमा ठोक्किँदा २१ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायवउपरीक्षक रवीन्द्र खनालका अनुसार शनिबार बिहान ७:३० बजे दुर्घटना भएको हो । घाइतेहरुको चितवन मेडिकल कलेज, जनता केयर अस्पताल र नेस्नल सिटी अस्पतालमा उपचार भइरहेको छ ।

मुग्लिङबाट नारायणगढ तर्फ आउँदै गरेको ना ८ ख ६६२९ नम्बरको ट्रक र विपरीत दिसाबाट जाँदै गरेको बा ४ ख ७४२० नम्बरको बस, बसको पछाडि ना ७ ख ९६०७ नम्बरको टेलर, त्यस पछाडि बा प्र ०६-००१ ग ०४८४ नम्बरको इलेक्टिक माइक्रो, त्यस पछाडि ग २ ख १६२६ नम्बरको बस, त्यस पछाडि ना ३ च ३२५६ नम्बरको बलेरो, त्यस पछाडि बिएबी ८४७० नम्बरको कार ठक्कर खाएका हुन् ।

सवारीहरु ठक्कर खाँदा घाइते भएकामध्ये १३ जना नेशनल सिटी अस्पतालमा, चारजना चितवन मेडिकल कलेजमा र चारजनाको जनता केयर अस्पतालमा उपचार भइरहेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# बजार अनुगमन सुस्त

चाडपर्वको समयमा अप्रत्यासितरुपमा मूल्यवृद्धि गर्ने, कालोबजारी, कृत्रिमअभाव, न्यून गुणस्तरका सामान बिक्री गर्ने पुरानै रोग हो । सरकारी संयन्त्रले अनुगमन पनि गरिरहेकै छ तर, कालोबजारी गर्नेहरु पनि एक कदम अगाडि नै छन् । सरकारी संयन्त्रको अनुगमन पुरानै ढर्रामा चलिरहेको छ । प्रहरी, प्रशासन कार्यालयले गर्ने अनुगमन प्राय: उजुरी परेपछि मात्र हुने गरेको छ । आर्थिक मन्दीले सर्वसाधारणको जीवनयापन अत्यन्तै कष्टकर बन्दै गएको अवस्था छ । हाम्रो आफ्नो उत्पादन नभएको बस्तु भन्सारबाटै अण्डर बिलिङमा आयात हुन्छ र महँगोमा बिक्री भइरहेको छ । स्वदेशमा उत्पादन गर्न सकिने उपभोग्य बस्तु पनि विदेशबाट आयात भइरहेको छ । सांसदहरुले मूल्यवृद्धि गर्ने, कालोबजारी, कृत्रिमअभावलगायत विषय सम्बोधन गर्नका लागि संसदमार्फत् सरकारको ध्यानाकर्षण गराएको जस्तो नाटकीय अभिनयहरु पनि नभएका होइनन्, भएकै छन् । जनताका प्रतिनिधिकारुपमा चुनिएका सांसदहरुले पनि संसदमा बोल्ने बाहेक केही हुन नसकेको आरोप लाग्ने गरेको छ ।

उपभोक्ता बजार अनुगमन, सवारी टिकटको सहज व्यवस्थापन, दैनिक उपभोग्य वस्तुको पर्याप्त आपूर्ति, शान्तिसुरक्षा कायम गर्नेलगायतका विषयमा सांसदहरूले सदनमा बोलेका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरले कार्यालय प्रमुखको बैठकमा चाडपर्वको समयमा नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाउन सबै पालिकाले अनुगमन गर्ने गराउने ब्यवस्था मिलाउन आग्रह गरेको थियो । विषयगत कार्यालयहरुले पनि नियमित एवम् आकस्मिकरुपमा बजार अनुगमन गर्ने, गराउने ब्यवस्था गर्ने निर्णय भएको छ । प्रशासनले चाडपर्वको मौकामा हुनसक्ने कालोबजारी, कृत्रिम अभाव सृजना गर्नेलाई नियमित अनुगमन गरी कानुनी कारबाहीको दायरा ल्याउने काम भइरहेको जनाएको छ । जिल्ला प्रशासनले चाडपर्वलक्षित बजार अनुगमन थालेको छ । हेटौंडा उपमहानगरभित्रका खाद्यान्न, लत्ताकपडा, भाँडा, रंगलगायतका पसलमा अनुगमन गरिरहेको छ । बजार अनुगमन स्थानीय तहमा पनि गरिने प्रशासनले जानकारी दिएको छ । तर, यो अनुगमनकै भरमा आमउपभोक्ताले भोग्नु परेको चर्को महँगी, कालोबजारी र गुणस्तरहीन वस्तुको समस्या समाधान हुने अवस्था छैन । जनस्वास्थ्यसँग जोडिने, उपभोग्य अधिकारसँग जोडिने कुरामा हालसम्मको प्रयास प्रभावकारी देखिदैन । खाद्यान्न, तरकारीजन्य वस्तुमा प्रयोग भइरहेको हानिकारक विषादिको विषयमा कुरा उठाउने मात्र काम भएको छ । समाधान निकाल्ने निकाय चुपचाप देखिन्छ । बाहिरबाट आयात गरिएका फलफूल, तरकारी, खाद्यसामग्रीमा विषादि परीक्षण गर्ने कुरा भाषणमा मात्र सीमित भयो । नेपालको अधिकांश युवा जनशक्ति विदेशिनु, कृषिक्षेत्रको उत्पादनमा सुधार हुन नसक्नु, गुणस्तरहीन आयातलाई सरकारले निर्वाद भित्रन दिनु, ब्यापारीले मनलाग्दी मूल्यबृद्धि गर्दा कडा कारबाही गर्न नसक्नु सरकारको कमजोरी हो । अनुगमनकै भरमा आमउपभोक्ताले भोग्नुपरेको चर्को महँगी, कालोबजारी र गुणस्तरहीन वस्तुको समस्या समाधान हुने अवस्था छैन ।

जनस्वास्थ्यसँग जोडिने, उपभोग्य अधिकारसँग जोडिने कुरामा हालसम्मको प्रयास प्रभावकारी देखिदैन । खाद्यान्न, तरकारीजन्य वस्तुमा प्रयोग भइरहेको हानिकारक विषादिको विषयमा कुरा उठाउने मात्र काम भएको छ । समाधान निकाल्ने निकाय चुपचाप देखिन्छ । बाहिरबाट आयात गरिएका फलफूल, तरकारी, खाद्यसामग्रीमा विषादि परीक्षण तीब्ररुपमा हुनु जरुरी छ । नेपालको अधिकांश युवा जनशक्ति विदेशिनु, कृषिक्षेत्रको उत्पादनमा सुधार हुन नसक्नु, गुणस्तरहीन आयातलाई सरकार ले निर्वाद भित्रन दिनु, ब्यापारीले मनलाग्दी मूल्यबृद्धि गर्दा कडा कारबाही गर्न नसक्नु सरकारको कमजोरी हटाउनै पर्छ । खाद्यअधिकार संजाल मकवानपुरले पनि बेलाबेलामा बिज्ञप्ती प्रकाशन गर्दै नजिकिदै गरेको चाडपर्वको समयमा बजारमा म्याद गुज्रेको, लेवल नलगाइएको, गुणस्तरहीन, अखाद्यसामग्री पाइएको भनेर भन्ने गरेको छ । खाद्यान्न, पेयपदार्थ, लत्ताकपडा, सौन्दर्यप्रसाधन, औषधि आदि बस्तुको अधिकतम मूल्य (एमआरपी) भन्दा बढी मूल्यमा विक्री वितरण भएको पाइएका छन् । उपभोक्ताअधिकार र खाद्यअधिकार संरक्षणमा स्थानीय तह, जिल्ला र प्रदेश तहका सम्बन्धित अनुगमन समिति तथा निकायलाई बजारको नियमित अनुगमन गरी उपभोक्ताको खाद्यअधिकार प्रत्याभूति गराउन नागरिकसमाज संघ/संस्थाका प्रतिनिधि सम्बन्धित सबैको ध्यानाकर्षण हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक ३ गते सोमबार २० अक्टोम्बर २०२५ । चतुर्दशी, कात्तिक शुक्लपक्ष । कौलागा ११४५ ने.सं. । सूर्योदय ६:०७ सूर्यास्त ५:२८ । दीपावली (लक्ष्मी पूजा) । श्वानपूजा (कुकुर तिहार) । महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती । सुखरात्री । दीपमालिका । निशि बाने ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मान-सम्मान बढ्नेछ | **तुला** | : हाँसखेलमा दिन जानेछ |
| **वृष** | : धन लाभ हुनेछ | **वृश्चिक** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **मिथुन** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **धनु** | : रमाइलो यात्राको योग परेको छ |
| **कर्कट** | : नबोली बस्दा राम्रो हुनेछ | **मकर** | : मन प्रसन्न रहनेछ |
| **सिंह** | : प्रेममा विवाद आउनसक्नेछ | **कुम्भ** | : नचिताएको काम सम्पन्न हुनेछ |
| **कन्या** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | **मीन** | : मिहिनेतको फल मिल्नेछ |

# देशको नेतृत्व कहाँ चुक्यो ?



✍ इन्द्र अधिकारी

अहिले जुन खालको परिस्थिति छ, यो स्थितिमा अन्तरिम सरकारको नेतृत्व गरिरहनुभएका सुशीला कार्की नै अहिले देशको नेता हुन् । प्रधानमन्त्री र कार्यकारी अधिकारको हैसियतले ६ महिनाभित्र चुनाव गराउने गरी संवैधानिक मार्गमा ल्याएर छोड्ने जिम्मेवारी उहाँमा छ । अधिकारको हिसाबले राष्ट्रको नेतृत्व उहाँले गरिरहनुभएको छ, तर नेतृत्वको सङ्कट अहिले मात्रै होइन, पहिल्यैदेखिको हो ।

हामीकहाँ नेता नेताजस्तो जन्मन नसकेकै कारण देश अलिकति अस्तव्यस्त ढङ्गले अगाडि बढेको परिस्थिति हो । जहाँसम्म अब कसरी जाला भन्ने छह जुन ढङ्गले जसले आन्दोलन गरेका कारण यो उथलपुथल भयो भनिन्छ, त्यहाँ नै राजनीतिक नेतृत्व छैन । किनकि सरकारलाई काम गर्न अप्ठ्यारो छ । कोसँग परामर्श गरेर, कोसँग समन्वय गरेर, को-कोसँग सहयोग लिएर विश्वासमा काम गर्ने भन्ने परिस्थिति छ ।

एकातिर जसले आन्दोलन गरेका हौँ भन्छन्, तिनले कुरा सुन्न सक्दैनन् । निषेधकै राजनीति गर्न भडि्कएका मान्छेहरू बाहिर सतहमा देखिन्छन् । भित्रकै केही मान्छेहरू पनि खुसुक्क काम गरौँ भन्छन्, ती अल्पमतमा छन् अथवा तिनले खतरा भोगेको परिस्थिति छ । अत्यधिक ढङ्गले उत्साहित भएको र जस लिन खोज्ने जुन घटक छ, त्यो शङ्कास्पद छ र कसरी कहाँबाट कसको परामर्शमा अथवा निर्देशनमा ती भइरहेका छन्, राज्यले पनि पत्ता पाउन सकिरहेको छैन ।

जुन वास्तविक आन्दोलनकारी युवा पुस्ताहरूह उनीहरूले राजनीतिक बुझ्दै र अभ्यास गरिरहेका छन् । तर उनीहरू उमेर र पृष्ठभूमिको हिसाबले परिपक्व भइसकेको स्थितिमा छैनन्, जसले पुराना दलहरूलाई व्यवहार गर्न सकुन् । उनीहरूमा वार्ता गर्ने, संलग्न हुने, आफ्नो असन्तुष्टि व्यक्त गर्ने अनि यसरी अगाडि बढ्न सकिन्छ भनेर एक खालको सम्बन्ध सम्पर्क बढाउने त्यो ढङ्गको परिपक्वता आइसकेको छैन । फेरि राज्यकै संयन्त्रहरू पनि कति सहयोगी छन् भन्ने पछिल्लो चरण असाध्यै शङ्का लाग्ने परिस्थिति सिर्जना हुनुले देखाउँछ । त्यसैले सरकार नै कति विश्वासमा छ भन्ने कुरा पनि हो ।

निर्वाचित सरकारले परिणाम दिन नसकेकाले दबाब दिएर हामीले राजीनामा माग्न परेको हो, त्यसपछि पनि पारदर्शी हिसाबले काम कारबाही नभएको देखिन्छ । बानेश्वरमा बन्दुक पड्काउँदा न प्रमुख जिल्ला अधिकारी न उसको आधिकारिक कमान्डरलाई जानकारी थियो । त्यो भनेको हामीले हेर्दा सामान्य रूपमा आदेश शृंखलाले पनि काम गरेको छैन ।

उनीहरूभित्रै सुरक्षा अङ्गहरूबिच समन्वय पटक्कै देखिँदैन । एउटा प्रहरी मात्रै हतोत्साहित अवस्थामा त्यहाँ देखियो, अथवा विधिसंगत ढङ्गले पनि चलेको छैन भन्न पनि सकिन्छ । अधिकारीहरूलाई परामर्श गरिन्छ । पत्रकारहरूले जस्तै मान्छेले किन हताहत भयो भनेर सोधेपछि मात्र सीडीओ कार्यालयले 'एक गोली चलेछ' भन्ने कुरासँग सूचित भएको देखिन्छ ।

त्यो बेला अधिकारवालाहरूले पनि 'गोली चलाउन भनेकै छैन' भन्ने कुरा पनि आएका छन् । सय मिटरमा आएर सेना बसेको छ, सेना ट्रकबाट निस्किएको छैन । त्यहीँ सशस्त्र पुलिस छ, उनीहरूको कहीँ सक्रियता देखिँदैन । प्रदर्शनकारीको छाती र पेटमा गोली हानेको छ, त्योभन्दा पहिलाका शान्तिपूर्ण व्यवस्थापन गर्ने तौरतरिकाहरू एक अर्काको सूचना सम्प्रेषण गर्ने, साझेदारी गर्ने गुप्तचरको कुराहरू ती सबैमा पुरै रिक्तता देखिन्छ ।

त्यो संयन्त्रहरू नै अव्यावसायिक भएको हो कि असहयोगी भएको हो, त्यो नै अनुसन्धानको विषय हो । उनीहरूले सूचना संकलन गरेको अनि यस्ता गतिविधिहरू हुन सक्छन् भनेर आकलन गरेको, यस्तो भयो भने यो-यो रणनीति हुन्छ भनेर क ख ग घ... गरेर रणनीतिहरू बनाएको देखिँदैन ।

देशमा अनुमानै नगरेको घटना कोटेश्वरमा भयो, त्यो कुरालाई राज्य संयन्त्रले आँखा चिम्म गर्न मिल्छ ? युवापुस्ता जसको नेतृत्व छैन, उनीहरूले आह्वान मात्रै गरेका छन्, उनीहरूमाथि बन्दुक राखेर गोली हान्न सबैभन्दा सजिलो ठाउँ बन्न सक्छ भनेर हामीजत्तिको सर्वसाधारणहरूले अनुमान गरेका छौँ । तीन महिना पहिला (राजावादी प्रदर्शन) तीनकुनेमा भएको आगजनी, त्यस्तो मान्छे मारिएको पत्रकार घरभित्र जलेको विषयमा हामीले 'अनुसन्धान नै गर' भनेका थियौँ ।

राज्य सञ्चालनमा बसेका नेतृत्वको असफलता नै भन्नु पर्‍यो । त्यति सामान्य पनि चेतना नहुनु भनेको, राज्य संयन्त्रमा बसेर त्यति पनि थाहा नपाउनु गुप्तचर सबैको असफलता होइन र ? हाम्रो राज्य संयन्त्रहरू कुनै पनि यति धेरै नातान्यावी भएछन् कि आफ्नो काममा कोही पनि व्यावसायिक प्रतिबद्धता, जिम्मेवारी, जबाफदेही देखिँदैन । त्यत्रो घटनाको बाबजुद कसैले पनि जिम्मेवारी लिएको छैन । पुरानो सरकारले प्रश्न गर्नेहरूलाई उल्टै 'हामीलाई कमजोर पार्न विदेशीहरूले परिचालित गरेको' भनेर आज केही मान्छेहरूले बोलेको सुन्छु ।

राज्यलाई कर तिरेको तपाईं हामी सुरक्षित हुन्छौँ, सम्पत्ति सुरक्षित हुन्छ भनेर हो । यी जम्मै कुराहरूमा राज्य बेखबर भइदिने, बेवास्ता गर्दिने, उदासीन रहिदिने अनि जिम्मेवार पनि नबन्ने, जबाफदेहिता पनि नलिने हो भने हाम्रो राज्य छ कहाँ के ? त्यसले अहिले पुरानो सरकार अलोकप्रिय थियो, तपाईं हामीले पनि असाध्यै आलोचना गरेको हो । यो कुनै व्यक्तिको होइन, कुरो सरकारको हो, संरचनाको हो, प्रणालीको हो । त्यही भएर मैले पटक-पटक भन्छु- हामीले मन नपराएको केपी ओली गए । एउटा खराब मान्छे मारियो भन्दै गर्दा अब काल पल्कियो भनेर चिन्ता गर्नुपर्ने हुन्छ ।

हाम्रो राज्य संयन्त्रका सबै यावत कुराहरूमा हामी चिन्तित हुन जरुरी देख्छु । नेतृत्वको रिक्तताकै कारण यो परिस्थिति हुन सक्छ । तर सबै मान्छे आ-आफ्नो ठाउँमा जबाफदेही हुनु पर्दैन ? राजनीतिक नेतृत्वको मात्रै कुरा गरेर पुग्दैन, प्रशासनिक नेतृत्वको सफलता वा क्षमता देख्नुभयो ? सुरक्षा नेतृत्वको सफलता क्षमता देख्नुभयो ? अहिले यावत कुराहरू गरेर हुन्छ ? जवाफ दिनुपर्दैन ? आ-आफ्नो कामको कुन-कुन अंगले कुन संरचनाले जिम्मेवारी बहन गर्‍यो सफलतापूर्वक ?

राजनीतिक अधिकार बलियो नभए, राजनीतिक अधिकार दूरगामी नभए धेरैले दु:ख पाउँछन्, हामीले त्यही दु:ख पाइरहेका छौँ । तर यस्तो भन्दै गर्दा राजनीतिक अधिकारलाई ठिक छ, गोली हान भन्यो रे, भोलि हान भन्दै गर्दा हान्ने मान्छेले जवाफ दिनुपर्दैन ? किनभन्दा कानुन त तिमीलाई लाग्छ । उसले सिकेका पनि छन्, भोलि हान भने पनि घुँडामुनिबाहेक हान्न मैले मिल्दैन भनेर तालिम लिएको छु, यदि माथि हान्यो भने म त्यसको भागीदार बन्छु भनेर गोली हान्ने मान्छेलाई पनि थाहा छ ।

फेरि पनि त्यही संयन्त्रको व्यावसायिकतामा प्रश्न गर्ने कुरा हो, नागरिक सुरक्षले मानौँ हामीलाई थाहा थिएन भन्छन् । तिनीहरूको पनि त असक्षमता हो । किनभने तिनीहरूले सूचना लिन प्रयास गर्नुपर्थ्यो, घुसपैठ हुन्छ भन्ने त हामी जस्तालाई नि थाहा पाउने कुरा हो । त्यो सूचनै थिएन भन्ने अनि फेरि समन्वय हुँदैन, सबैसँग छ त गुप्तचर इकाइहरू । अझै भएन भनेर प्रधानमन्त्रीअन्तर्गत अनुसन्धान विभाग गाभेको छ । तिनीहरूले गर्छन् के ? मानौँ, हामी सूचना दिएका थियौँ भन्लान् । त्यसोभए ए, बी, सी, डी... किन योजना बनाएनन् ?

नेतृत्वको असफलता राजनीतिक हिसाबले मात्र होइन, राज्य संरचनामा भएको प्रशासनिक, सुरक्षा लगायतको त्यो नाकामी नेतृत्वहरू जबाफदेही हुनुपर्छ । जस्तै: वरिष्ठ अवकाशप्राप्त सेनाका मान्छेहरू एकदमै गर्व गर्छन्, ओलीले राजीनामा दिलाउन सेनापतिको भूमिका कारणले समाजलाई सम्हाल्न सक्यो भन्छन् । त्यो गर्दै गर्दा सेनापतिले राजीनामा माग्न मिल्छ र ? प्रधानमन्त्रीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिने कि सेनापतिको हातमा राजीनामा पठाउने ? अर्को कुरा, तपाईंले र ाजीनामा दिनुभएन भने बचाउन सकिन्न भनेको कुरा आयो । त्यो राष्ट्रपतिलाई नि भनिएको थियो । 'मलाई मार तर म राजीनामा दिन्नँ' राष्ट्रपतिले भन्दै गर्दा ओलीजीले ठीक छ म जिम्मेवार हुन्छु, राष्ट्रपतिसमक्ष राजीनामा दिन्छु । माफ पनि माग्छु भन्न सक्नुपर्थ्यो । सुरक्षा दिन सकिन्न भन्दा तिमीहरूले औचित्य प्रमाणित गर कि त्यो संगठन केका लागि हो भनेर पनि प्रश्न गर्न नसक्ने ?

सेना प्रहरीले पदमा बसेको बहालवाला प्रधानमन्त्रीलाई राजीनामा नदिए बचाउन सक्दिनँ भन्छ भने त्यो संगठनको काम के हो ? अनि त्यो औचित्य प्रमाणित गर्न पर्दैन ? केका लागि त्यो बर्दी भिरेर हिँड्ने ? नेतृत्वको सङ्कट म सबैमा देख्छु । यो प्रश्न हामी सबैले उठाउनुपर्छ, नत्र हामी सुरक्षित छैनौँ । हाम्रो संयन्त्रहरूबाट हामीले सुरक्षा प्राप्त गर्ने अवस्था गुमाइसक्यौँ । हाम्रा यी कुनै अङ्गहरू व्यावसायिक हिसाबले सक्षम छैनन् अथवा इमानदार छैनन्, त्यो पनि अनुसन्धानको विषय हो र गर्नुपर्छ ।

*(साभार: रातोपाटी)*

# कांग्रेस मनोगत चाहनाको बन्धक नबनोस्

✍ शंकर तिवारी

२०८२ भाद्र २३ र २४ पछि उत्पन्न परिस्थिति र ०८२ फागुन २१ का लागि घोषित निर्वाचनलाई मध्यनजर गर्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले विधान अनुसार विशेष महाधिवेशनको माग गर्दै पार्टी कार्यालयमा हस्ताक्षर बुझाएका छन् । कांग्रेस इतिहासमा बिरलै सुनिएको विशेष महाधिवेशनको वर्तमान परिप्रेक्ष्यमा के महत्त्व छ भन्ने बारेमा यो लेख केन्द्रित रहने छ । नेपालमा दलहरू लोकतान्त्रिक छैनन् । त्यही भएर विद्वानहरू नेपाली लोकतन्त्रलाई दलतन्त्र भन्छन् । प्रकृति भट्टराईले त दल भित्रको ढल फेर्नुपर्छ भनेकी छन् । प्रदीप गिरीले दलहरू गुट भन्दा पनि गिरोहको सिकार भएको भन्नुहुन्थ्यो, हिन्दी सिनेमामा देखिने डाँकु दस्ताको उदाहरण दिएर ।

मैले यसलाई पार्टी कब्जाको मनोविज्ञानको उपमा दिएको थिएँ । यावत् कारणहरूले गर्दा नेपालमा दलहरूको बारेमा आम मानिसमा सकारात्मक धारणा छैन । एउटा लोकतन्त्रमा जब राजनीतिक दलकाप्रति सकारात्मक धारणा हुँदैन त्यो लोकतन्त्र धरापमा उभिएको हुन्छ । भाद्र २३ र २४ को घटना हुनुमा एउटा मुख्य कारण दलहरूकाप्रति आम मानिसका मनमा जकडिएको नकारात्मक धारणाको उपज थियो । नेपाली कांग्रेस पार्टीको १५ औं महाधिवेशनको संघारमा छ । २०७८ सालमा मङ्सिरमा अधिवेशन भएकाले २०८२ मङ्सिरमा यो दलको अधिवेशन भएको ४ वर्ष पूरा हुन्छ । तर किन कांग्रेस कार्यकर्ताले नियमित अधिवेशनमा नपर्खेर विशेष अधिवेशनका लागि हस्ताक्षर गरे त्यो कुराको अन्तर्य निकै महत्त्वपूर्ण छ ।

यसका अनेक अर्थ छन् त्यसमध्ये पहिलो- कांग्रेस कार्यकर्तालाई नियमित अधिवेशन समयमा हुन्छ भन्नेमा विश्वास छैन । किनकि कांग्रेसको पछिल्ला ३ अधिवेशन १२ औं, १३ औं र १४ औं अधिवेशन ४ वर्षको समय सीमामा भएका थिएनन् । पार्टी विधानको संकटकालीन धारा र संविधानमा दल सम्बन्धी धाराको आपतकालीन व्यवस्थालाई उपयोग गर्दै साढे ५ वर्षमा अधिवेशन गरिएको छ । त्यो कुरा कांग्रेस नेतृत्वलाई झण्डै आदत जस्तो भएको छ ।

दोस्रो- भाद्र २३ र २४ पछि नेपाली राजनीतिको कायकल्प भएको छ । कांग्रेसको संसद्मा ठूलो दलको हैसियत वा गठबन्धन सरकारमा ठूलो दलको हैसियत अब बाँकी रहेन, कांग्रेस एकाएक सडकमा पुगेको छ । कांग्रेसले फेरि एकपटक आफ्नो नेतृत्वको विश्वसनीयतालाई आम जनताका माझ सम्परीक्षण गर्नुपर्ने भएको छ ।

कांग्रेस कार्यकर्तालाई मौजुदा नेतृत्वबाट कांग्रेसको संसद्मा सम्मानजनक उपस्थिति हुन्छ भन्ने कुरामा विश्वास छैन । कांग्रेस कार्यकर्तामा कतै वर्तमान नेतृत्व नै बहानाबाजी र तिकडम गरेर चुनावसम्म जाने त होइन भन्ने भय मात्र होइन, आक्रोश समेत छ ।

तेस्रो- पार्टीको वर्तमान नेतृत्वले भदौ २३/२४ मा निर्माण भएको परिस्थितिका लागि नैतिक जिम्मेवारी बहन गर्नुपर्छ भन्ने पनि हो । तेह्रौं र १४औं महाधिवेशनबाट शेरबहादुर देउवाले प्रष्ट बहुमत पाएका थिए । उनले सत्ता विलास गर्दा 'सिद्धान्त' लाई तिलाञ्जली दिए । गठबन्धन/गठबन्धन, चुनाव अगाडि गठबन्धन/चुनाव पछाडि गठबन्धन, हमेशा सत्तासत्ता, प्रतिपक्षको नेता हुँदा पनि सत्तापक्षसँग हिस्सेदारी लिने । समग्रमा उनले सत्ताको चास्नीका लागि के मात्र गरेनन् ! देउवा नेतृत्वको एक दशकको अवधिमा कांग्रेसले आफ्नो मूल चरित्र जोगाउन सकेन, कहिले प्रचण्ड कांग्रेस त कहिले ओली कांग्रेस बन्न पुग्यो । मूलत: उनी ट्रान्जेक्सनल कारोबारी नेता थिए । नेपाली कांग्रेसलाई र देशलाई अहिले रूपान्तरणकारी ट्रान्सफर्मेसनल लिडरसिप चाहिएको छ ।

चौथो- नेपाली कांग्रेस पार्टीभित्र नियमित अधिवेशन गर्नका लागि पार्टीको प्रत्येक तह र तप्काको सम्पूर्ण साथ सहभागिता र समर्थन चाहिन्छ । तर केन्द्रीय कार्यसमितिको बहुमत सदस्य वा जिल्ला कार्यसमितिका बहुसंख्यक सभापतिहरू परिवर्तनको स्वरलाई पार्टीभित्र लागू गर्नुपर्छ भन्नेमा सकारात्मक देखिएका छैनन् । नियमित अधिवेशनका लागि पार्टी पंक्तिमा नियत ठीक नदेखिएकाले यदि समयमा नियमित अधिवेशन सम्पन्न हुन नसके त्यसको जिम्मेवारी कसले लिने भन्ने कुरा गौण हुन जान्छ । किनभने त्यो प्रकरणपछि नेपाली कांग्रेस राष्ट्रिय राजनीतिमा पार्टी पछाडि पर्ने निश्चित छ । विशेष अधिवेशनका लागि कार्यकर्ताहरू इच्छुक र आतुर हुनाको मूल कारण यो हो ।

पाँचौं- नेपाली कांग्रेस पार्टीको नियमित अधिवेशन गर्दा त्यसले वडा तहदेखि नै केन्द्रतहसम्म पार्टीको आन्तरिक ध्रुवीकरणलाई तीव्रता दिन्छ । त्यो ध्रुवीकरण मत्थर हुन केही समय लाग्छ त्यो ध्रुवीकरण मत्थर हुनुभन्दा पहिले नै पार्टीले एक ढिक्का भएर राष्ट्रिय चुनावको सामना गर्नुपर्नेछ । यदि १४औं महाधिवेशनकै निर्वाचकबाट निर्वाचन गर्ने हो भने त्यो ध्रुवीकरण अत्यन्त न्यून हुन्छ र पार्टी एक ढिक्का भएर चुनावमा जान सहज हुन्छ ।

छैठौं- निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगको नियम अनुसार दलहरू निर्वाचन आयोगमा दर्ता गरिनुपर्छ । नेपाली कांग्रेस सच्चिएको र बदलिएको उदाहरण पेश गर्नको लागि कांग्रेसले नयाँ नेतृत्वमा दलदर्ता गर्‍यो भने कांग्रेसको आम जनतामा विश्वसनीयता र स्वीकार्यताको दायरा ह्वात्तै बढेर जान्छ ।

पार्टी विधानहरूमा भएको व्यवस्था हेरेर निर्वाचन आयोगले दलदर्ताको मिति तल माथि त गर्दैन, दलहरूले नै परिस्थितिको आवश्यकता बुझेर पार्टीका महाधिवेशन अथवा दलको मूल नेतृत्व चयन निर्वाचन आयोगको क्यालेण्डरसँग तादाम्यता हुने गरी त्योभन्दा अगाडि गर्नु श्रेयस्कर हुन्छ । कांग्रेसले आजको मितिमा गर्नुपर्ने बुद्धिमत्तापूर्ण निर्णय यही नै हुन्छ ।

**विशेष महाधिवेशनको कार्यविधि**

पार्टी विधानमा विशेष महाधिवेशनका लागि आवश्यक हस्ताक्षरको संख्या तोकिएको छ तर त्यसको कार्यविधि तोकिएको भने छैन । त्यही भएर विशेष महाधिवेशनको बारेमा कार्यकर्ता पंक्तिमा भ्रम छर्न एउटा तप्कालाई सजिलो भएको छ । विशेष महाधिवेशनको बारेमा भ्रम छर्नेहरू पार्टी त्यसले पार्टी फुटाउँछ भन्नेहरू खासमा परिवर्तनका विरोधीहरू हुन्, प्रतिगामी चिन्तन भएका तत्व हुन् जो-जो आत्मगत मनोगत चिन्तनबाट बाहिर आउन सकेका छैनन् । १० वर्षसम्म पार्टी सभापति देउवाकोमा गएर बिन्ती बिसाएका भरमा लाभ पाइरहेका उनीहरू अब त्यो परिस्थिति नरहने भएपछि तिलमिलाएका छन् ।

जसरी केन्द्रीय कार्यसमितिको बैठकका लागि महामन्त्रीहरूले कार्यसम्पादन समितिमा छलफल गरेर एजेण्डा तय गर्ने गर्छन् । त्यसैगरी विशेष महाधिवेशनका लागि पनि पार्टीले केन्द्रीय कार्यसमितिबाट वा कार्यसम्पादनबाट एजेण्डा तय गर्नुपर्नेछ । त्यो भएन भने विशेष महाधिवेशनको फ्लोरले नै आफ्ना एजेन्डाहरू तय गर्नेछ । विगत एक दशकमा नेपाली कांग्रेसका नेताहरू पार्टीप्रति इमान्दार र बफादार नभएकाले विशेष महाधिवेशनको अवस्था आइपुगेको हो ।

विशेष महाधिवेशन पार्टीकाप्रति जिम्मेदार नभएको नेतृत्वलाई 'डेमोकल्स स्वर्ड 'बन्न पुगेको छ । यदि विशेष महाधिवेशनका लागि हस्ताक्षर सङ्कलन नगरिएको भए पार्टी सभापति शेरबहादुर देउवाले कार्यवाहक पनि दिने थिएनन् र पार्टी केन्द्रीय कार्यसमितिबाट एक वर्षका लागि म्याद समेत थपिने थियो । विशेष महाधिवेशनको हस्ताक्षरको जगमा पार्टीभित्र परिवर्तन पक्षधर र परिवर्तन विरोधीबीच शक्ति सन्तुलनको अवस्था भएको छ । नेपाली कांग्रेस पार्टी बीपी कोइरालाले भने जस्तो इतिहासको गतिशील हतियार हो । यो गतिशील हतियार लाई जिउँदो जाग्दो र दुरुस्त राख्ने काम केन्द्रका सत्ता लिप्सासँग डुबेका नेताहरूले गर्न सक्दैनन् भनेर नै कार्यकर्ताहरूले, महाधिवेशन प्रतिनिधिहरूले खबरदारी गरेका हुन् ।

विशेष महाधिवेशनको खिलाफमा जनमत सिर्जना गर्न संस्थापन पक्षका नेता कृष्ण सिटौला लगायतले विशेष अधिवेशनले पार्टी फुटाउनेसम्मका अभिव्यक्ति दिए । शेरबहादुर देउवाको आधार क्षेत्र सुदूरपश्चिममा त यस्तो खिलाफमा हस्ताक्षर अभियान समेत चलाइयो । तर यी सबै कुराका बावजुद ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष अधिवेशनका पक्षमा हस्ताक्षर गरे ।

विशेष महाधिवेशनले केन्द्रीय नेतृत्व मात्रै चयन गर्छ कि तल्लो तहको पनि नेतृत्व चयन गर्छ भन्ने बारेमा आम कार्यकर्तामा भ्रम रहेको देखिन्छ । विशेष अधिवेशनको समयावधि कति हुन्छ त्यसमा पनि कार्यकर्ताको चासो देखिन्छ । विशेष अधिवेशनले केन्द्रीय सभापति र आवश्यक परेमा विधानअनुसार केन्द्रीय कार्यसमितिको मात्र निर्वाचन गर्नेछ । यसले प्रदेश, जिल्ला, क्षेत्र कुनै पनि नयाँ निर्वाचन गर्ने छैन ।

विशेष अधिवेशनको समयावधि राष्ट्रिय निर्वाचनसम्मका लागि मात्र हो त्यो भनेको चानचुन एक वा डेढ वर्षको समयाविधि हुन सक्छ । आपतकालमा विशेष परिस्थितिमा विशेष निर्णय गर्नुपर्छ त्यही भएर पार्टी विधानमा अर्ली (छिटो) अधिवेशन नलेखेर विशेष अधिवेशन लेखिएको हो । अहिले हामीसँग राष्ट्रिय राजनीतिमा छिटो-छिटो देखापरेका उतारचढावले गर्दा ज्यादा अलमलिने समय छैन ।

जसरी २००७ सालको क्रान्तिको दरमियानमा पार्टी सभापति मातृकाप्रसाद कोइरालालाई डिक्टेटरको अधिकार दिईएको थियो । अथवा २०४६ सालमा गणेशमान सिंहलाई सर्वोच्च कमाण्डर घोषणा गरिएको थियो । त्यही भएर नयाँ परिस्थितिमा कांग्रेसलाई हाक्न नयाँ नेतृत्वलाई त्यही सरहको अधिकार दिनुपर्छ ।

नेपाली कांग्रेसबाट फुटेर नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी बनेपछि त्यो पार्टीले आम निर्वाचनका लागि टिकट बाँड्ने जिम्मा संसदीय बोर्डलाई नदिएर पार्टी सभापति शेरबहादुर देउवालाई दिएको थियो, भलै त्यो आम निर्वाचन भने भएन । त्यही कारणले विशिष्ट परिस्थितिमा पार्टी सभापतिलाई वा नेतृत्वकर्तालाई विशेष अधिकार दिनुपर्छ ।

**२०१४ सालको विशेष अधिवेशनको सन्दर्भ**

२०१२ माघमा नेपाली कांग्रेसको छैठौं अधिवेशन वीरगञ्जमा भएको थियो । कांग्रेसको अधिवेशन सकिए लगत्तै राजा महेन्द्रले टंकप्रसाद आचार्यलाई प्रधानमन्त्री पदमा नियुक्त गरेका थिए । टंकप्रसाद आचार्यले राजा भएको देशमा संविधानसभाको निर्वाचन नहुने भनेर भाषण गरेपछि बीपी कोइरालाले त्यसको खिलाफमा मुद्दा हाल्नुभयो । २०१३ साउनमा अदालतले राजा भएको देशमा संविधानसभाको निर्वाचन नभएर संसद्को मात्र निर्वाचन हुने गोलमटोलको फैसला गर्‍यो ।

क्रमश: पृष्ठ-३....

# मिरज रणनीति: दल खोल्ने, माग पूरा नभए चुनावमा नजाने



काठमाडौं/जेनजी अभियन्ता मिरज ढुंगानाले शनिबार दिउँसो नयाँ दलको नाम घोषणा गर्ने अपेक्षा थियो । सामाजिक सञ्जालबाट दल खोल्ने तयारी भएको जानकारी दिएका उनले सञ्चारकर्मीहरूलाई नयाँ बानेश्वरको एभरेष्ट होटलमा बोलाइएको थियो ।

शुक्रबार संचारकर्मीसँग जेनजी आन्दोलनको जगमा पार्टी खोल्ने योजना सुनाउँदै मिरजले पार्टीका संरचनाबारे शनिबार पत्रकार सम्मेलनमा जानकारी दिने बताएका थिए । तर, उनले नयाँ दलको नाम घोषणा गरेनन् । बरू, आफ्ना माग सुनाए । अनि ती माग पूरा नभए निर्वाचनमा सहभागी नहुनेसम्मका योजना सुनाए ।

नेतृत्व भनेको अग्रचेतना हो, त्यसैले नेतृत्वबाट अगाडिको बाटो र भिजन अपेक्षित हुन्छ । तर, शनिबार बानेश्वर पुगेका सञ्चारकर्मी र उनका शुभचिन्तकहरूले मिरजबाट अगाडिको बाटो र भिजन सुन्न पाएनन् । सोचेजस्तो 'स्पष्टता' भेटेनन् ।

**पत्रकार सम्मेलनको दृश्य**

पत्रकार सम्मेलनमा सञ्चारकर्मीमात्रै थिएनन् । विभिन्न रुचिसहित पुगेका सहभागीहरूको प्रश्न फेस गर्नुपरेपछि मिरज आफैंले अरूलाई नबोल्न आग्रह गर्नुपर्‍यो । 'पार्टी खोल्छौँ भनेर सुनाउन बोलाइएको रहेछ । यो कुरा त फेसबुक पेजमै थियो । खासमा नयाँ केही भएन,' हलमा भेटिएका एक युवाले भने । खासमा स्टेजमा रहेका मिरज समूह र तल क्यामेराबीच वार्ता चलिरहेजस्तो देखिन्थ्यो ।

अस्पष्टताले बढाउने नै असमञ्जस्यता हो । स्टेजमा रहेको मिरज समूहसँग मात्र हैन, तल रहेका युट्युवरबीच नै बाझाबाझ भएका दृश्य त्यहाँ देखियो । यत्रो पत्रकार सम्मेलन आखिर के का लागि थियो ? त्यो पनि स्पष्ट न मिरजले गर्न सके, न उनको समूहले नै ।

दल खोल्ने योजनामा रहेको र त्यसको लागि सरसल्लाह लिन एउटा टोली गठन गरिएको सम्मका कुरा आयोजकले बताए । 'दलको नाम हामी मात्रै घोषणा गर्ने होइन, तपाईंहरूको सुझाव लिएर गर्ने हो,' मिरजले भने ।

**सरकारको म्यान्डेट के हो ?**

जेनजी विद्रोहपछि सुशीला कार्कीको नेतृत्वमा सरकार किन बन्यो ? मिरजका अनुसार त, यो सरकारको म्यान्डेट नै चुनाव गराउनु होइन । यो सरकार महत्त्वपूर्ण विषयमा संविधान संशोधन गराएर अघि बढ्न बनेकोले चुनाव गराउने यसको म्यान्डेट नरहेको उनको तर्क गरे । 'यदि अहिलेको सरकारलाई चुनावी सरकार बन्ने कुरा सोच्नुभएको छ भने त्यो भ्रम हो । यो सरकारको उद्देश्य यही अवस्थामा चुनाव गराउनु होइन,' उनले भने ।

चुनाव जाने उद्देश्यले आफूहरूले दल नखोलेको विषय उनले बारम्बार दोहोर्‍याए । देश विकासको लागि र सबै छरिएर रहेका शक्तिलाई एक ठाउँमा ल्याउन यसको आवश्यकता देखेको उनले ठम्याइ थियो । पत्रकारहरूले चुनावमा नजाने भए दल किन खोलेको भन्ने प्रश्नमा उनको जवाफ अनौठो थियो । 'कि त मैले एनजीओ खोल्नुपर्‍यो देश विकासको लागि, कि त मैले राजनीतिक दल खोल्नुपर्‍यो । कि त हुलमुलमै र हनुपर्‍यो । हुलमुलमा रहेर देश विकास हुँदैन,' मिरजले भने ।

उनले थपे, 'हुलमुलमा हुँदा अहिलेको जेनजीजस्तै हुन्छ । कोही यता कोही उता । प्रधानमन्त्रीले पाँचजना बोलाउने, अर्कोले पाँचजना... यसरी छरिन्छ । सबैजना छरिँदा सरकारले कसको कुरा सुन्ने ? यस्तो हुँदा हामी दिशाहीन हुन्छौं ।' त्यसो त, केही अघिसम्म मिरजले आफू राजनीतिमा नआउने बताइरहेका थिए । सोही विषयमा टेकेर त्यहाँ प्रश्न उठ्यो, 'हिजोसम्म राजनीतिमा आउँदिन भन्नुभएको तपाईं आज किन पार्टी खोल्दै हुनुहुन्छ ?' मिरजको जवाफ थियो, 'नआएर के गर्ने ? यत्रो बलिदानी खेर जान दिने ? त्यसैले सबै एक ठाउँमा आऔं । मेरो सबैलाई अनुरोध छ ।'

**मिरजको बटमलाइन**

यसरी आफ्ना कुरा र ाखिरहेका मिरजले आफ्ना एजेन्डा पनि सुनाए । उनका अनुसार, यो उनको नयाँ बन्ने पार्टीको बटमलाइन हुनेछ, जो पूरा नभई यो दल चुनावमा सहभागी हुनेछैन । जस्तो, प्रत्यक्ष कार्यकारी शासकीय स्वरूप, विदेशमा रहेका नेपाली नागरिक्लाई मतदानको व्यवस्था हुनुपर्ने, भ्रष्टाचार नियन्त्रणका लागि नागरिक स्तरीय छानबिन समिति गठन र आर्थिक रूपान्तरणको स्पष्ट नीति अख्तियार गरिनुपर्ने ।

'भ्रष्ट्राचारदेखि अरू कुराको छानबिनमा नागरिक स्तरको छानबिन समिति चाहियो । यहाँ सबै पोलिटिकल नियुक्ति भयो, राजनीतिक दलका मान्छे भए । अनि यस्तोमा अब चोरले कहाँ चोर समाउँछ ?,' मिरजको प्रतिप्रश्न थियो । मिरजका अनुसार, उनले खोल्ने पार्टीको अभियान नै 'गरिखान देऊ' हुनेछ । सोही अभियानमा केन्द्रित रहेर आफूहरू हिँड्ने उनले बताए । साथै 'जेनजी' प्रदर्शनलाई दिशाहीन हुन नदिन राजनीतिक दल गठन गर्ने निष्कर्षमा आफूहरू पुगेको उनको भनाइ थियो ।

**"निर्वाचनमा किन नजाने ?"**

दलहरू चुनावमा एजेन्डा राख्छन्, जनताबाट अनुमोदित भएर ती एजेन्डा लागु गर्न प्रयास गर्छन् । तर मिरजले भने माग पूरा गरेर मात्र चुनावमा जाने बताए । यसबीचमा मिरजमाथि निर्वाचनमा किन नजाने ? भन्ने प्रश्न दोहोरियो । हातमा माइक समाएका पत्रकार ऋषि धमलाले बोलिहाले, 'जेनजी निर्वाचनमा जान्छ ।'

तर, तत्काल मिरजले माइक लिएर भनिहाल्छन्, 'हाम्रा बटमलाइन पूरा नभएसम्म चुनावमा जाँदैनौं ।' यसरी चुनावमा नजाने तर पार्टी खोल्ने मिरजको योजनालाई लिएर अधिकांश आश्चर्यचकित देखिएका थिए, जसलाई लिएर विभिन्न टिकाटिप्पणी भए र प्रश्न उठे । कतिपय प्रश्नकर्ता यूट्युबर त यस विषयलाई लिएर लफडा गरि रहेका थिए । 'न पार्टीको नाम छ, न केही ? फेसबुकमै लेखेको कुरा सुनाउन किन यत्रो दुःख दिएको ?,' कतिपय आक्रोशित पनि सुनिए ।

तर, यसबारे पटकपटक मिरजले भनिरहे, 'पार्टीको नामदेखि अरू विधान र संरचना कस्तो बनाउने भनेर सल्लाह लिइरहेका छौँ । सबै नेपालीलाई हामीले बोलाएका छौँ । सबैले आफ्नो सल्लाह दिनुस् ।'

**सगरमाथादेखि बुद्धसम्मको व्याख्या**

यसरी आफ्ना योजना सुनाउँदै उनले देशमा रहेको विद्यमान समस्याबारे पनि बोले । उनका अनुसार, देशमा महंगी बढेको छ । कलकारखाना ठप्प छन् । 'युवालाई अहिले खाइरहेको २५ हजारको जागिरले पुग्दैन । त्यसैले पनि नयाँ ढंगले लाग्न नयाँ सोचसहितको पार्टी चाहिन्छ,' उनको जोड थियो ।

उसोभए त्यो नयाँ सोच के हो त ? के नयाँ योजना उनका पार्टीले ल्याउलान् ? मिरजले अमूर्त जवाफ फर्काए, 'यो देश सबैभन्दा र म्रो देश बनाउन सकिन्छ । किनभने यहाँ अथाह सम्भावना छ ।' नेपालमा बन्द भएका कलकारखाना किन खुल्दैन ? जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल, गोरखकाली टायर, हेटौंडाको धागो उद्योग, बाँसबारी छालाजुत्ता कारखाना किन खुलेनन् ? यस्ता विषयको दोष उनले यसअघिका सरकारलाई दिएका छन् ।

'हामी कोहीभन्दा कोही कम भएर जन्मेको हो र ? अरू देशमा भएकामा भन्दा कम क्षमता छ र हामीमा ? अनि अर्काको देशमा दोस्रो दर्जाका नागरिक भएर किन बस्ने ?,' मिरजले भने, 'हामी कोहीभन्दा कम छैन ।' त्यसबाहेक उनले देशभित्रै देखेको अर्को सम्भावना हो, नेपालमा रहेका अग्ला हिमशृंखला । यहाँ रहेका आठ हजार मिटरभन्दा उचाईका हिमाललाई पनि उनले सम्भावनाको रूपमा हेरेका छन् ।

व्यवसायिक पृष्ठभूमिबाट आएका मिरज भन्छन्, 'त्यसैले यी हिमशृंखला नेपालको 'युनिक सेलिङ पोइन्ट (युएसपी)' हो ।' त्यस्तै, अर्को प्रसंगमा उनी लागे । हिमशृंखलापछि बुद्धको कथामा उनले नेपाल विकासको सम्भावना देखे । उनले थपे, 'बुद्ध कहाँ जन्मेका थिए ? नेपालमा । पशुपति कता छ ? नेपालमा । यो कुरा नेपालबाट चिनिन्छ कहिले ? सुनको खानीमा बसेर हामी मान्छे बाहिर पठाउने ? यो कुरा कहिले बुझ्ने हामीले ?'

**भूराजनीतिको मिरज व्याख्या**

अब मिरज भूराजनीतिक कुरामा आउँछन् । दुई ठूला छिमेकी चीन र भारतको जनसंख्यालाई लाभको रूपमा लिनसक्नुपर्ने उनको तर्क थियो । 'हामी संसारकै सबैभन्दा धेरै जनसंख्या भएका दुई ठूला देशको बीचमा छौं । यता नेपालमा हामीले बेच्न मिल्ने धेरै युनिक कुरा छ, जुन अरू देशमा छैन । त्यसैले यी कुरा ती देशमा नागरिकलाई पनि बेच्नसक्छौं,' उनले भने ।

'तीन अर्बको खपत गर्नसक्ने जनसंख्या कम हो ?,' एजेन्डा सुनाउँदै उनी प्रश्न गर्छन्, 'तर, यहाँ उद्योगधन्दा, कलकारखाना खोल्ने कुरै उठाउँदैनौं । अनि कसरी अघि बढ्छौं ?' यसरी आफ्ना एजेन्डा सुनाइरहेका मिरज सन् २०२४ मा फर्कन्छन् । नेपालको चियाले विश्वस्तरमा पुरस्कार पाएको प्रसंग कोट्याउँछन् । र, थप्छन्, 'नेपालले २०२४ मा विश्वकै उत्कृष्ट चियाको पुरस्कार जितेको थियो । यस्ता चिया निर्यातमा ध्यान दिनुपर्दैन ?'

आफ्ना कुरा राख्दा मिरजले बारबार दोहोर्‍याएको कुरा थियो - विदेश पलायन भएर हामी किन दोस्रो दर्जाका नागरिक हुनुपर्ने ? प्रश्न सँगसँगै उनी डर देखाउँथे, 'अब यसैगरी विदेश पलायन भए १० वर्षमा नेपाल रित्तिन्छ ।'

**छेउमा उभिएका साफी**

मिरज स्टेजमा बोलिरहँदा त्यहीं छेउमा उभिएका थिए- इन्द्रजित साफी । उनी शहीद परिवारको माग पूरा गर्नुपर्ने भन्दै प्लेकार्ड बोकेर उभिएका थिए । माथि स्टेजमा बसेकाहरू भने आफैंभित्र अलमल देखिन्थे । ढुंगानाको पत्रकार सम्मेलनमा साफी कालो चस्मा र मास्क लगाएर देखिए । उनले आफ्नो छातीमा एउटा सेतो कागजमा प्लेकार्ड बोकेका थिए । जहाँ लेखिएको थियो- मेरो आत्माले कहिले शान्ति पाउने ?

नजिकै ती युवाले शहीद परिवारका माग भनेर सात वटा बुँदामा केही माग राखेका छन् । 'जेनजी आन्दोलनमा गोली चलाउने माथि छानबिन कहिले ?', 'निःशुल्क शिक्षा, उपचार, साथै रोजगारीको व्यवस्था', 'प्रत्यक्ष, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री' लगायतका माग राखेर उनी उभिएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# कांग्रेस मनोगत चाहनाको...

राजाले अदालतबाट समेत आफ्नो हातमाथि पारेर आम निर्वाचनको घोषणा गरे । तर आम निर्वाचन हुने अत्तोपत्तो थिएन । त्यही बीचमा सुवर्ण शमशेरले २०१३ फागुन महिनामा सप्तरीमा कांग्रेसका जिल्ला सभापति र सचिवहरूको भेला डाक्नुभयो । त्यो भेलाबाट २०१४ साल जेठ महिनामा विराटनगरमा विशेष अधिवेशन हुने घोषणा समेत गर्नुभयो । विराटनगरमा डाकिएको उक्त विशेष अधिवेशनको उद्घाटन सत्रमा सुवर्ण शमशेरले पार्टी सभापति पदबाट राजीनामा गर्नुभयो । र सभापतिको निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरियो । निर्धारित समयमा बीपी कोइरालाको मात्र उम्मेदवारी परेपछि बीपी कोइराला निर्विरोध सभापति हुनुभयो ।

त्यसको केही महिनापछि सुवर्ण शमशेरलाई बीपी कोइरालाले अन्तरिम सरकारको प्रधानमन्त्रीमा सिफारिस गर्नुभयो । आफू भने आम निर्वाचनका लागि संगठन विस्तार को काममा लाग्नुभयो । २०१५ फागुनमा भएको आम निर्वाचनमा नेपाली कांग्रेस ऐतिहासिक सफलता हात पार्‍यो । २०१४ सालमा विशेष अधिवेशनबाट उक्त निर्णय नगरि एको भए परिस्थिति के हुन्थ्यो त्यसै भन्न सकिने थिएन ।

**संवत् २०१४ र २०८२ को तुलना**

जसरी २०१४ सालमा ७ सालको परिवर्तनलाई संस्थागत गर्नको लागि चुनौती देखापरेको थियो । आज २०८२ सालमा पनि त्यस्तै चुनौती खडा छ ।आम निर्वाचन घोषणा भएपनि अन्तरिम सरकारले राम्रोसँग खुट्टा टेक्न सकेको छैन । कांग्रेसले शान्ति सुशासन स्थिरताको लागि सरकारलाई समेत टेवा दिनुपर्नेछ । २०१४ सालको परि स्थितिमा नेपाली कांग्रेसले नै देशलाई सम्हाल्न सक्थ्यो र सम्हालेर पनि देखायो । त्यसका लागि सुमण शमशेरले आफूभन्दा बीपी कोइर ालाको व्यक्तित्व कामयाब हुन्छ भनेर बीपीलाई पार्टी सभापतित्व हस्तान्तरण गर्नुभएको थियो ।

२०८२ सालमा जेनजी आन्दोलनको उपलब्धिलाई संस्थागत गर्न युवाहरूको परिवर्तनका प्रतिको मनोकांक्षा र राजनीतिक शुद्धताका लागि जनचाहनालाई सम्बोधन गर्दै देशलाई सम्हालेर अगाडि बढाउने कार्य दलहरूले नै गर्न सक्दछन् । तर त्यसका लागि दलहरूले आफ्ना पुराना र बहिष्कृत नेतृत्वलाई जति सक्दो छिटो बिदाई गर्नुपर्छ । नेपाली कांग्रेस भित्र युवाहरूको त्यस्तो पंक्ति तयार छ जसले २०५८ सालमा राजा ज्ञानेन्द्रले कु गरेपश्चात राष्ट्रिय राजनीतिमा देखा परेर सम्झौतहीन संघर्ष गर्दै आएको छ ।

सत्ता विलास उनीहरूका लागि कहिले रुचिको विषय रहेन । उनीहरूले दलभित्र र बाहिर हमेशा खबरदारी गरिरहे । आज त्यो पुस्तालाई कांग्रेस कार्यकर्ता पंक्ति नेतृत्वमा राखेर देशको संकट हल गर्न चाहन्छ । कांग्रेसमा एमालेमा माओवादीमा रासपामा भन्दा राष्ट्रिय स्वीकार्यताको दायरा फराकिले भएको नेतृत्वको पंक्ति नेपाली कांग्रेसमा विद्यमान छ । त्यो नेपाली कांग्रेसको सबभन्दा ठूलो सामर्थ्य र पुँजी हो । पार्टीले आफूसँग भएको सामर्थ्य र पुँजीलाई संकटका बेलामा उपयोग गरेन भने त्यसको कुनै मूल्य रहँदैन ।

**विशेष महाधिवेशनको अपरिहार्यता**

भाद्र २३ पछि राष्ट्रिय राजनीतिले कोल्टे फेरेको एक महिना पूरा भएको छ । फाल्गुन २१ का लागि घोषित आम निर्वाचनको लागि पार्टीलाई तयारी अवस्थामा राख्नुपर्ने जिम्मेवारी कांग्रेस सामु छ । यो तयारीले पार्टीलाई केवल चुनावको निमित्त मात्र होइन अरु हरेक चुनौतीका निमित्त सचेत भएर र हन बल पुग्नेछ । पार्टीको संगठन बलियो भयो भने त्यो एउटा कार्यको निमित्त मात्र होइन हरेक कार्यको निमित्त सहयोगी हुनेछ ।

नेपाली राजनीतिमा नेपाली कांग्रेसको ऐतिहासिक महत्व २००७ , २०४६ र ६२/ ६३ को आन्दोलनमा ती आन्दोलनहरूको आह्वान गर्ने र परिवर्तनको पक्षमा दृढतापूर्वक उभिएकाले रहेको हो । भाद्र २३ को प्रदर्शनमा कांग्रेसको हिस्सेदारी नभएतापनि त्यस आन्दोलनमा सहभागी रहेका युवाहरूको आकांक्षालाई र त्यस आन्दोलनको उपलब्धिलाई संस्थागत गर्न नेपाली कांग्रेसले आम निर्वाचनरुपी मौकालाई गुमाउनु हुँदैन ।

भाद्र २३/२४ को घटना कांग्रेसको नियन्त्रणमा थिएन तर त्यस घटनापछि पार्टीको भविष्यका लागि के निर्णय गर्ने त्यो कांग्रेसको नियन्त्रणमा छ । यो विशेष, आकस्मिक र अप्रत्यासित परि स्थितिमा पार्टी कसरी अगाडि बढ्ने, पार्टी नेता कार्यकर्ताले बृहत्तर रूपमा छलफल गर्ने- विधानात: महाधिवेशन नै पार्टीको सर्वोच्च कार्यकारी निकाय भएकाले सबैको ध्यान महाधिवेशन तर्फ लक्षित हुनु स्वाभाविक हो ।

यस्तो परिस्थितिमा पार्टीले केही ऐतिहासिक निर्णय गर्नुपर्नेछ, नवीन नेतृत्वसहित एकतावद्ध भएर निर्वाचनमा होमिनुपर्नेछ । अल्पावधिमा पार्टीभित्र तत्काल सर्वस्वीकार्य निकासको लागि गर्नसक्ने विशेष निर्णय र सहज विकल्प भनेको विशेष महाधिवेशन नै हो ।

असामान्य परिस्थितिले असमान्य निर्णयको प्रतीक्षा गरेको हुन्छ । आज नेपाली कांग्रेसको अवस्था असामान्य छ । नेपाली कांग्रेसले आजसम्म नेपालमा भएका सबै ठूला क्रान्ति र परिवर्तनको नेतृत्व गरेको भनेर गौरव गर्ने गर्थ्यौं तर अस्ति जेन्जी मुभमेन्ट पछि त्यो गौरवको आधार खिएको छ धक्का लागेको छ । तर यसको अर्थ नेपाली कांग्रेस पार्टी देशको राष्ट्रिय मूलधाराबाट बाहिर गएको भन्ने होइन । अझै पनि देशको राष्ट्रिय मूलधारालाई नेतृत्व दिने शक्ति र ल्याकत नेपाली कांग्रेसले गर्छ, त्यसका लागि नेपाली कांग्रेसले विशिष्ट परिस्थिति विशिष्ट निर्णय गर्नुपर्छ । विशेष महाधिवेशनबाट १५औं महाधिवेशन सम्मको (अल्पावधी/ अन्तरिम समयका लागि) नयाँ नेतृत्वको चयन गर्न, अहिलेको परि स्थितिमा युगीन आवाज बुझेर ऐतिहासिक निर्णय र नीतिगत मार्गदर्शन गर्न र पार्टीलाई एकढिक्का बनाएर नवीन उर्जा सहित आसन्न चुनौतीको सामना र निर्वाचनको तयारी गर्न पनि मंसिरभित्रै विशेष महाधिवेशन अपरिहार्य छ ।

कांग्रेस पार्टीका परिवर्तन रोक्न चाहनेहरूलाई एउटा मात्र आग्रह छ - वस् ,अब तपाईंहरूको ज्यादती र दादागिरी अति भयो । पार्टीलाई अब तपाईंहरूको मनोगत चाहनाको बन्धक बनाउनबाट मुक्त गरिदिनुहोस् । पार्टीका कार्यकर्ता परिवर्तनको पक्षमा पाइला चालिसकेका छन्, त्यसलाई अब रोक्ने कष्ट नगरि दिनुहोस् । सानो पार्टीको ठूलो नेताभन्दा ठूलो पार्टीको ठूलो नेता बन्ने मार्गमा अग्रसर हुनुहोस् । पुरानै निर्वाचकहरू त तपाईंहरूको पक्षमा छैनन् भने नयाँ निर्वाचकहरू तपाईंहरूको पक्षमा आउने सम्भावना न्यून भएर गएको छ । यो टड्कारो यथार्थलाई स्वीकार गर्नुहोस् ।

*(साभार: अनलाइनखबर)*

# पार्टीमा सिद्धान्तको बहस हुन सकेन: काफ्ले



साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ नेपाली कांग्रेसको केन्द्रीय कार्य समितिमा आगामी महाधिवेशनको बहस चलिरहेका बेला केन्द्रीय सदस्य कुन्दनराज काफ्लेले सिद्धान्तको बहस हुन नसकेको टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जालमा 'वास्तविक नेतृत्वका निम्ति मेरो अपिल' शीर्षक दिएर उनले शनिबार कांग्रेसमा सिद्धान्तको बहसभन्दा पनि व्यक्तिगत अहंकारले ठाउँ पाउँदा पार्टी कमजजोर भएको उल्लेख गरेका छन् । बागमती प्रदेशका निवर्तमान अर्थमन्त्रीसमेत रहेका काफ्लेले केन्द्रीय समिति बैठकमा पार्टीको पदमा पुग्ने महत्वाकांक्षी प्रयासमात्र भइरहेको आरोपसमेत लगाएका छन् । 'प्रजातान्त्रिक समाजवादी कार्यक्रम र सिद्धान्तको व्यवहारिक प्रयोगका बारेमा पार्टीभित्र अहिले बहस र छलफल हुन सकेको छैन,' उनले लेखेका छन्, 'केवल पदमा मात्र पुग्ने महत्वाकांक्षी प्रयास मात्र भइरहेका छन् ।'

कुनैपनि राजनीतिक पार्टीले आफ्ना घोषित सिद्धान्त र कार्यक्रमका बारेमा विचार, पुनर्विचार र समीक्षा गरिरहने र जनताको आस्था र विश्वासको अवस्था परीक्षण गर्ने उनको भनाइ छ । 'बीपी कोइराला जस्तो सिद्धान्तवादी समाजवादी नेताको मार्गदर्शनमा अघि बढेको पार्टीको नैतिक हिम्मत सगरमाथा जत्तिकै अटल छ र हामीबाट जनताको पक्षमा काम गर्दा कुनै कमजोरी गरेका छैनौं भनेर ढुक्कसाथ भन्नसक्ने नेतृत्व निर्माणको मेरो आवाज र अभियान हो,' उनले भनेका छन्, 'ढाकछोप र लिपपोतबाट अघि बढ्न मिल्दैन र जनताको आँखामा छारोहालेर पानीमाथिको ओभानो बन्न खोज्ने पदासीन र पदासीन माथि खुला विद्रोह गर्न साथीहरुमा आह्वान गर्दछु ।'

# गायक बाबुल गिरीको स्टुडियोमा युवतीद्वारा आत्महत्याको प्रयास





काठमाडौं/गायक तथा संगीतकार बाबुल गिरीको अनामनगर स्थित स्टुडियोमा एक युवतीले आत्मदाहको प्रयास गरेकी छन् । शनिबार दिउँसो आफैंलाई जलाउने प्रयास गरेकी ती युवतीलाई स्थानीय र प्रहरीले उद्धार गरेर कीर्तिपुरस्थित बर्न अस्पताल पठाएका छन् ।

प्रहरीले गायक गिरीलाई पनि युवतीसँगै अस्पताल लगेको छ । आत्मदहा गर्ने युवती गायिका नितु पौडेल रहेको स्थानीयले बताएका छन् । आगोले उनको अनुहार जलेको छ । घटनाको विस्तृत विवरण भने आउन बाँकी छ ।

बाबुल र नितुले 'सत्य राम कसम', 'सिट्ठी मारेर', 'उसको नजरमा के' लगायतका गीतमा सहकार्य गरेका छन् । बाबुलका 'ब्रेकअप सङ', 'घामै राजा', 'सुतेर उठेको पैसामा' जस्ता गीत दर्शकमाझ लोकप्रिय छन् । उनका गीतको नेपाली फिल्ममा ठूलो माग छ ।

# 'परान'को ट्रेलरमा बाबु-छोराको सम्बन्धको कथा



काठमाडौं/चर्चित हास्य कलाकार दीपक प्रसाद आचार्य 'काकु'को निर्देशनमा बनेको फिल्म 'परान'को ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि दर्शकमाझ ल्याइएको ट्रेलरले फिल्मको भावनात्मक पृष्ठभूमि उजागर गर्दै परिवार, सम्बन्ध र संघर्षको कथालाई पेश गरेको छ । तर, फिल्मको मूल द्वन्द्व भने ट्रेलरमा स्पष्ट रूपमा खुलाइएको छैन ।

अभिनेता नीर शाहलाई केन्द्रमा राखिएको ट्रेलरमा बाबुले छोराप्रति राखेको साथको अपेक्षा र त्यसमा आएको निराशालाई प्रस्तुत गरिएको छ । भावनात्मक दृश्य र सशक्त संवादले ट्रेलरलाई मर्मस्पर्शी बनाएको छ । पारिवारिक सम्बन्धका उतारचढावलाई उजागर गर्ने फिल्मको कथाले दर्शकमा एउटा गहिरो प्रश्न पनि छाडेको छ- 'के सन्तानले बाबुआमाको इच्छा पूरा गर्न सक्छन् ?'

कात्तिक १४ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा नीर शाहसहित मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ, बबिन राई लगायतको पनि अभिनय रहेको छ । यसमा शिवराम श्रेष्ठको डिओपी, मित्र डि गुरुङको सम्पादन तथा गगन थापा मगरको ब्याकग्राउन्ड स्कोर छ ।

'सासले हैन, साथले चल्ने' ट्यागलाइन राखिएको यो फिल्मको निर्माणमा देशका ठूला व्यावसायिक घराना गोल्छा समूह र प्रिज्मा एड्भर्टाइजिङ समूहले सहकार्य गरेका छन् । शेखर गोल्छा र रञ्जित आचार्य फिल्मका निर्माता हुन् । उद्योगपछि शेखरले यही फिल्मबाट निर्माणमा हात हालेका हुन् । उनी अब वर्षेनि २/३ वटा फिल्म निर्माण गर्ने योजनामा छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# पाइपलाइनबाट साढे ६ अर्ब लिटर इन्धन आयात

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना सञ्चालनमा आएको ६ वर्षमा साढे ६ अर्ब लिटर इन्धन आयात भएको छ ।

भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको पाइपलाइन सञ्चालन भएयता ६ अर्ब ३४ करोड ९२ लाख लिटर पेट्रोलियमपदार्थ पाइपलाइनबाट आयात भएको नेपाल आयल निगमको मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ । पाइपलाइनबाट हालसम्म छ अर्ब १४ करोड ३५ लाख लिटर डिजेल, २० करोड १५ लाख लिटर पेट्रोल र ४१ लाख लिटर मट्टितेल आयात भएको प्रादेशिक प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए । अहिले मोतिहारीबाट पाइपलाइनमार्फत् अमलेखगञ्जसम्म पेट्रोल, डिजेल र मट्टितेल आयात भइरहेको छ ।

वि.सं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले यो परियोजनाको संयुक्तरुपमा उद्घाटन गरेका थिए । सोही दिनदेखि नै पाइपलाइनबाट डिजेल आयात भइरहेको छ । यस्तै २०८१ असोज २४ देखि पेट्रोल र २०८१ मङ्सिर १९ गतेदेखि मट्टितेल पाइपलाइनबाट ल्याउन थालिएको हो । दक्षिण एसियाकै पहिलो अन्तर देशीय पाइपलाइन परियोजनाको कूल



लम्बाइ ६९ दशमलव दुई किलोमिटर छ । यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव दुई किलोमिटर छ ।

पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी 'मल्टी प्रोडक्ट पाइपलाइन' निर्माण गरिएको छ । पाइपलाइनबाट आयातित पेट्रोलियमपदार्थले नेपालको करिब ७० प्रतिशत माग आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट काठमाडौँ, विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगञ्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमयपदार्थ बिक्रीवितरण हुँदै आएको छ । 'नेपालको खपतको ७० प्रतिशत पेट्रोलियमपदार्थ अमलेखगञ्जबाटै आपूर्ति हुन्छ', प्रमुख आचार्यले भने । पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियमपदार्थ अमलेखगञ्ज ल्याउन सकिन्छ ।

तर, पेट्रोलियमपदार्थको माग नबढेकाले पूर्णक्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था बनेको छैन । 'दैनिक छ हजार किलोलिटर पेट्रोलियमपदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन', प्रमुख आचार्यले बताए । पेट्रोलियम पाइपलाइन परियोजनाको पहिलोचरणअन्तर्गत भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्ज सम्म पाइपलाई बिच्छ्याइएको थियो । दोस्रोचरणमा अमलेखगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धिसँगै 'अटोमेसन'को काम सम्पन्न गरिएको हो । पाइपलाइन परियोजनाको दोस्रोचरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टिटेल भण्डारणका लागि चारवटा नयाँ 'भर्टिकल ट्यांक निर्माण गरिएको छ ।

पाइपलाइनबाट ल्याइएका पेट्रोलियमपदार्थको शुद्धता कायम राख्न दुईवटा ट्रान्समिक्स ट्र्यांक, अग्निनियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ । अमलेखगञ्जमा भण्डारण क्षमता विस्तार गरी १७ हजार ५०० किलोलिटर पेट्रोल, २७ हजार ५०० किलोलिटर डिजेल र दुई हजार २०० किलोलिटर मट्टितेल राख्न सकिने बनाइएको छ । अमलेगञ्ज डिपो नेपालको सबैभन्दा ठूलो र अत्याधुनिक रहेको छ । पूराना र नयाँ गरी अमलेखगन्जमा ९४ हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने भएको छ । मुलुकमा पेट्रोलियमपदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न विसं २०३० मा अमलेखगञ्ज डिपोको निर्माण सुरु गरिएको थियो ।

करिब ६७ हजार सात सय २४ वर्गमिटरमा फैलिएको यो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । देशकै सबैभन्दा ठूलो डिपोकारुपमा रहेको छ । अमलेखगन्जस्थित डिपोमा हाल १५ हजार ११० किलोलिटर पेट्रोल, २४ हजार ८१० किलोलिटर डिजेल र दुई हजार २७० किलोकिलटर मट्टितेलको भण्डारण क्षमता रहेको छ । सरकारले सातै प्रदेशमा कम्तिमा तीन महिनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ । सोही योजना अनुसार निगमले अहिले विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ ।

पेट्रोलियमपदार्थ ढुवानीका क्रममा लाग्ने ठूलो खर्च जोगिएको छ । पाइपलाइनबाट तेल आउन थालेपछि वार्षिक तीन अर्ब रुपैयाँ ढुवानी खर्च बचत भएको छ । ढुवानी खर्च वचत भएपछि निगमले इन्धनको उपभोक्ता मूल्य घटाएको जनाएको छ ।

# बंशगोपाल दुग्ध सहकारीको वार्षिक साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ हेटौंडा-६ चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाको ३४ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरपालिका-६ का वडाअध्यक्ष विष्णु बहादुर दाहालको प्रमुखआतिथ्यता एवम् सहकारीका अध्यक्ष रामहरि चौलागाईको सभाध्यतामा साधारण सभा भएको हो । साधारणसभामा संस्था अध्यक्ष चौलागाईले संस्थागत प्रतिवेदन, उपाध्यक्ष केशव धितालले कृषकहितकोषको प्रतिवेदन, लेखा संयोजक जयराम घिमिरेले लेखा समितिको प्रतिवेदन र पशुधन संरक्षण तथा पशुस्वास्थ्य उपसमितिका संयोजक सूर्यप्रसाद दुलालले पशुधनको प्रतिवेदन पेश गरेका थिए । सभाको अवसरमा संस्थाले आव २०८१/८२ मा सबैभन्दा धेरै दूध विक्रीगर्ने आशिष मल्ल र बासुदेव अधिकारीलाई जनही ७ हजार रुपैयाँका साथै पशुआहार प्रदान गरिएको थियो ।

बलराम गौतम र रजत श्रेष्ठलाई प्रतिव्यक्ति: ३५ सय रुपैयाँ तथा नवराज ढकाल र रामनाथ बास्तोलालाई २५-२५ सय नगद पुरस्कार प्रदान गरिएको थियो । गोठ सफा राख्ने दिलकुमारी खत्री, भाँडा सफा राख्ने कुलप्रसाद चौलागाई, गुणस्तरीय दूध विक्री गर्ने श्यामप्रसाद न्यौपाने र दिलकुमारी अधिकारीलाई पुरस्कारस्वरुप दुधको क्यान प्रदान गरिएको थियो । यसैगरी उत्कृष्ट बचतकर्ता टीका तिमल्सिना, देवीचन्द्र खड्का, असली कारोवारी नरबहादुर सापकोटा र लक्ष्मी कार्कीलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष अर्जुनप्रसाद देवकोटा, वडासदस्य विजय पौडेल, सरिता सापकोटा, लेखराज ढकाल, सहकारीका संस्थापक अध्यक्ष हरिप्रसाद सिग्देल, सल्लाहकार बासुदेव अधिकारी, साधुराम चौलागाई, बालकृष्ण चौलागाई, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय विडारी, नौलोविहानी कृषि सहकारीका अध्यक्ष विष्णुप्रसाद ढुंगानालगायतको आतिथ्यता रहेको थियो ।

# तिहारको अवसरमा शुभकामना आदानप्रदान तथा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ मकवानपुरगढी गाउँपालिका-५ धादिङमा रहेको शारदा माध्यमिक विद्यालयको आयोजनामा शुभ दीपावलीको अवसरमा शुभकामना आदानप्रदान, चियापान, विद्यालयको स्वर्णमहोत्सव र देउसीभैलो कार्यक्रमका अवसरमा छलफल तथा अन्तरक्रिया गरिएको छ ।

कार्यक्रममा विद्यालयका अभिभावक तथा पूर्वविद्यार्थीको उल्लेख्य सहभागिता थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज सापकोटाको अध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका-५ का वडाअध्यक्ष दिपेश दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालयका प्रधानध्यापक इन्द्रबहादुर काकीले विद्यालयको स्वर्ण



महोत्सवका अवसरमा ५२ वटा बिबिध कार्यक्रम गर्न लागिएको र त्यस कार्यक्रमलाई सफल बनाउन सबैको सहयोग आवस्यक रहेको बताए ।

विद्यालयले यही तिहारको अवसरमा कार्तिक ४ र ५ गते मकवानपुरगढीको धादिङ, सिमल्टार, ज्यामिरे, कालिवन, भालुखोलालगायतको स्थानमा देउसी, भैलो खेल्न लागेको र त्यस कार्यक्रममा सहभागिता जनाउनका लागि विद्यालयका शिक्षक अभिभावकसंघका अध्यक्ष नवराज हुमागाईले आग्रह गरेका छन् ।

# ओलीको घमण्डले विषम् परिस्थिति सिर्जना भयो: अध्यक्ष नेपाल

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मकवानपुरका अगुवा कार्यकर्तासँग शनिबार भेट गरेका छन् । हेटौंडा-४ स्थित भैरवरोडमा रहेको पार्टी कार्यालयमा नेपालले पार्टीका अगुवा कार्यकर्ता भेटेका हुन् ।

पार्टी जिल्ला उपाध्यक्ष ध्रुवबहादुर भुजेलको सभाध्यक्षतामा राखिएको भेटघाट कार्यक्रममा पार्टी अध्यक्ष नेपालले चुनावको तयारी गर्न निर्देशन दिए । राज्य विषम् परिस्थितिमा रहेकोले सिंगो नेपाली जनता चनाखो भएर बस्नुपर्ने उनले बताए । उनले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनमा अन्य शक्तिले घुसपैठ गरी देशका अत्यन्त महत्वपूर्ण संरचनामा आगजनी, तोडफोड, मानिस मार्ने काम भएको भन्दै अध्यक्ष नेपालले यो अत्यन्त निन्दनीय रहेको बताए ।

जेन्जी आन्दोलनमा जति कलिला विद्यार्थी र प्रहरीले ज्यान उत्सर्ग गरे, ती सबै शहीदप्रति श्रद्धा व्यक्त गर्दै उनले जेन्जीका जायज माग पूरा हुनुपर्ने बताए । केपी ओलीको घमण्डले देशमा विषम् परिस्थिति सिर्जना भएको आरोपसमेत उनले लगाए । देशलाई यस्तो अवस्थामा पुऱ्याइए पनि ओलीको दम्भ नघटेको उनले बताए । अध्यक्ष नेपालले पार्टी एकताको सवालमा भने मसिनोढंगले गृहकार्य भइरहेको बताए ।

भेट कार्यक्रममा पार्टी केन्द्रीय उपमहासचिव रामकुमार भट्टराई, स्थायी कमिटी सदस्य नागेन्द्र चौधरी, पोलिट्ब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सल्लाहकार यादव गजुरेल, प्रदेश सदस्य माधब तिमल्सिना, पार्टी जिल्ला सचिव किशोर बर्तौला र युवानेता किशोर टण्डनलगायतको उपस्थिति थियो ।

# चुच्चेखोला सामुदायिक वनको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १ कात्तिक/ हेटौंडा-६ चुच्चेखोलामा रहेको चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहको ३६ औं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

साधारणसभाका प्रमुख अतिथि डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चंद्रवशीले वन संरक्षणसँगै सम्बर्धनमा सबै अघि बढ्नुपर्ने बताए । उनले नेपालको समृद्धिका लागि वनक्षेत्र उपयुक्त माध्यम भएको बताए ।

साधारणसभामा संस्थाका अध्यक्ष लक्ष्मण कटुवालले प्रगति प्रतिवेदन, उपाध्यक्ष उमेश अधिकारीले आर्थिक प्रतिवेदन, लेखा समिति संयोजक गोपालचन्द्र भट्टराईले आर्थिक वर्ष २०८१/८२ को लागि १ करोड ६० लाख रुपैयाँको अनुमानित आयव्यय विवरण प्रस्तुत गरेका थिए ।

वन समूहका अध्यक्ष कटुवालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा-१७ का वडासदस्य नवराज न्यौपाने, फेकोफन केन्द्रीय सदस्य खडानन्द चौलागाई, रानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केशव धिताल, मनकामना दुग्ध उत्पादन सहकारीका अध्यक्ष अर्जुन प्रसाद दाहाल, वरिष्ठ अधिवक्ता धनप्रसाद गौतम, कामधेनु सहकारी संस्था लिमिटेडका अध्यक्ष उदय विडारी, सामुदायिक वन उपभोक्ता समूह मकवानपुरका अध्यक्ष साधुराम चौलागाई लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा समूहका ९ जना जेष्ठ उपभोक्तालाई दोसल्ला ओढाई सम्मानीत गरिएको थियो । समूहमा आवद्ध उपभोक्ताअन्तर्गत गतवर्षको एसईईमा सफल भएका विद्यार्थीलाई नगद र प्रशंसापत्रले सम्मान गरिएको थियो । त्यसैगरी साधारणसभामा वन समूहका पूर्वअध्यक्ष चेतनाथ चौलागाईलाई दोसल्ला, प्रशंसापत्रले सम्मान गरिएको थियो ।


## दीपावली सतर्कतापूर्वक मनाऔं ।

*दीपावलीको समयमा:*

☞ मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

*त्यसबाट बच्न:*

☞ दियो, मैनवत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,

☞ बालवालिकाले भेट्ने गरी दियो, मैनवत्ती लगायतका प्रज्वलनशील पदार्थ नराखौं,

☞ पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनवत्ती नवालौं,

☞ मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,

☞ धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,

☞ एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र वत्तीको प्रयोग गरौं,

☞ पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।

आगजनीबाट बचौं र बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड



## हेटौंडा जनप्रिय क्याम्पस

हेटौडा-१६, मकवानपुर

### हेटौंडा जनप्रिय क्याम्पस, हेटौंडाको क्याम्पस प्रमुख नियुक्तिका लागि आवेदन पेस गर्नेसम्बन्धी सूचना !

पहिलो पटक प्रकाशित मिति: २०८२/०७/०२

हेटौंडा जनप्रिय क्याम्पसको क्याम्पस प्रमुख नियुक्तिका लागि तपसिल बमोजिमको योग्यता पुगेकायोग्य उम्मेदवारहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा हेटौडा जनप्रिय क्याम्पस, हेटौडा-१६ को कार्यालयमा आवश्यक कागजातसहित निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनोट प्रक्रियामा समावेश गरिने छैन।क्याम्पस प्रमुख छनोट तथा सिफारिस सम्वन्धी कार्यविधि, २०८२ क्याम्पसको कार्यालय वा क्याम्पसको वेभसाइट hjc.edu.np बाट डाउनलोड गर्न सकिनेछ ।

**तपशिल**

**उम्मेदवारले पेस गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरू**

१. अनुसूची-२ बमोजिमको निवेदन (वेभसाइटबाट)
२. वैयक्तिक विवरण
३. क्याम्पसको व्यावसायिक कार्ययोजना (क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० र कार्यविधि अनुसार क्याम्पसको विकास गर्ने व्यावसायिक कार्ययोजना कम्तिमा २५०० देखि बढीमा ३००० शब्द सम्म) ।
४. कार्य योजनाको प्रस्तुतीकरणको Power point File ।

**अ. व्यावसायिक कार्ययोजनामा समावेश हुनुपर्ने बुँदाहरू:**

क्याम्पसको वर्तमान अवस्थाको विश्लेषण, गुणस्तरीय शिक्षा प्रबर्धन योजना,पूर्वाधार विकास, विद्यार्थी विकास र सहभागिता, अनुसन्धान र प्रकाशन, संस्थागत सुशासन, दिगो विकास ।

**कार्ययोजनाका साथ पेश गर्नुपर्ने कागजातहरू**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि । विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए सम्वन्धित निकायको समकक्षता प्रमाण पत्रको प्रतिलिपि ।
ग. ३० वर्ष उमेर पूरा भई ५८ वर्ष ननाघेको खुल्ने कागजातको प्रतिलिपि ।
घ. व्यवस्थापन, प्रशासनिक, बिज्ञानवा शिक्षाको क्षेत्रमा स्नातकोत्तर गरी कम्तिमा पाँच वर्षको कार्य अनुभवका सम्बन्धमा सम्बन्धित संस्थाबाट अनुभव खुलेको प्रमाणित कागजातको प्रतिलिपि नियुक्ति पत्रको प्रतिलिपि) ।
ङ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व घोषणा पत्र (कुनै कानुनले अयोग्य नठहरिएको भनी उल्लेख गर्ने)।
च. महिला/पुरुषको हकमा हेटौडा उपमहानगरपालिकाभित्र स्थायी बसोवास भएमा सोको प्रमाण ।
छ. बागमती प्रदेशमा स्थायी बसोबास गरेको भए सोको प्रमाण ।

**क्याम्पस प्रमुख छनोट तथा सिफारिस समिति**



## इन्द्रसरोवर गाउँपालिका भएर बग्ने कुलेखानी खोलाका विभिन्न घाटहरु (कुनिटार, कल्लेरी, सिम्लेफाँट, सिस्नेरी, डोडारे-कुलेखानी दोभानडोडारे खोला, च्युबासदेखि ज्यामिरे) बाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलनकार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/०२)

बागमती प्रदेश, मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | इन्द्रसरोवर गाउँपालिका, कुलेखानी, मकवानपुर |
| प्रस्तावको व्यहोरा | इन्द्रसरोवर गाउँपालिका भएर बग्नेकुलेखानी खोलाका विभिन्न घाटहरु (कुनिटार, कल्लेरी, सिम्लेफाँट, सिस्नेरी, डोडारे-कुलेखानी दोभानडोडारे खोला, च्युबासदेखि ज्यामिरे) बाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/संकलन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | मकवानपुर जिल्ला, इन्द्रसरोवर गाउँपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघसंस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गरे दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू:**

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नाम: इन्द्रसरोवर गाउँपालिका<br>ठेगाना: कुलेखानी, इन्द्रसरोवर-२, मकवानपुर जिल्ला, बागमती प्रदेश<br>फोन नं.: ९८४७२१६००५<br>इमेल: suchanaadhikari@indrasarowarmun.gov.np, info.indrasarowar@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नाम: निकास इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि.<br>ठेगाना: कलंकी, का.म.न.पा.-१३, काठमाडौं<br>फोन नं: ९८६०१११९६८<br>इमेल: nikasengineering@gmail.com |


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना